रुन्टीगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
होलेरी, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

## बाली तथा पशु बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०८०

कार्यपालिकाबाट स्वीकृत मिति :२०८०।०३।०१

तयार पर्ने
रुन्टीगढी गाउँपालिका
झेनाम (होलेरी) , रोल्पा

Scanned with CamScanner

## बाली तथा पशु बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि

२०८०कार्यपालिकाबाट स्वीकृत मिति :२०८०।०३।१

प्रस्तावना,

कृषि नै रुन्टिगढी गाउँपालिकाको विकासको आधार भएको सन्दर्भमा कृषि तथा पशुपालन व्यवसायमा भएका जोखिमहरु कम गर्न बाली तथा पशु विमा लागु गरीकृषि व्यवसाय तर्फ अधिक भन्दा अधिक कृषकहरुलाई आकर्षण गरी कृषि क्षेत्रमा निजी फर्म, समुह तथा सहकारीको माध्यमबाट कृषिको व्यवसायीकरण गर्न आवश्यक भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ ले दिएको अधिकार प्रयोग गरी रुन्टीगढी गाउँकार्यपालिकाले बाली तथा पशुवीमा सम्बन्धी अनुदान कार्यविधि,२०८० स्वीकृत गरी जारी गरेको छ ।

१ .संक्षिप्त नाम र प्रारम्भ :(१)यस कार्यविधिको नाम "वाली तथा पशुबीमा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०८०"रहेको छ।

(२)यो कार्यविधि गाउँ कार्यपालिकावाट स्वीकृत भएको मिति देखी लागुहुनेछ।

२ .परीभाषा:विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क)"वाली"भन्नाले खेती गरिएका अन्न, तरकारी, फलफुल नगदेवाली,औधोगिकवाली लगायतका कृषि उपजलाई जनाउछ, यसले मतस्यपालन,मौरीपालन,रेशम खेती,च्याउ खेती समेतलाई जनाउछ ।

(ख)"पशु"भंन्नाले घरपालु वा पशु बस्तु र पन्छीलाई जनाउछ र यसले स्त्री र पुरुष दुवै जातिलाई समेटछ ।

(ग)"गाउँपालिका"भन्नाले रुन्टीगढी गाउँपालिकालाई सम्झनुपर्छ।

(घ)"कार्यालय "भन्नाले रुन्टीगढी गाउँपालिकालाको कार्यालयलाई सम्झनुपर्छ।

Scanned with CamScanner

(ङ)"कृषि तथा पशुसेवा शाखा"भन्नालेः रुन्टीगढी गाउँपालिका कार्यालयको कृषि तथा पशुसेवा शाखालाई सम्झनुपर्छ।

(च)"कार्यविधि"भन्नाले "बाली तथा पशु बीमा सम्बन्धी अनुदान कार्यविधि २०८० लाई सम्झनुपर्छ।

(छ)भन्नाले कृषि तथा पशु बस्तुहरुको विमा गर्दा लाग्ने वार्षिक वा मासिम विमा शूल्क सम्झनुपर्छ।

(ज) "प्रिमियम अनुदान"भन्नालेगाउँपालिकाले कृषकहरुले गरेको कृषि विमाको प्रिमियममा दिने अनुदान रकमसम्झनुपर्छ।

(झ)"समिति " भन्नाले बाली तथा पशु विमा कोष व्यवस्थापन समितिलाई जनाउछ ।

(ञ)"कृषक " भन्नाले बाली तथा पशुपालन सम्बन्धी काम गर्ने समूह सहकारी तथा फर्महरुलाई समेत जनाउछ ।

**३.उद्देश्यहरु** :(१) कृषि क्षेत्रको दीगो विकासको माध्यमबाट कृषकहरुको जिवनस्तरमा सुधार ल्याउनुको साथ साथै समग्र रुन्टिगढी गाउँपालिकाको विकास गर्ने यसको मूल उद्देश्य रहेको छ । यसका अन्य उद्देश्यहरु देहाय अनुसार हुनेछन् :

(क) कृषककोकाबुभन्दाबाहीरकोपरीस्थितीवाटहुनसक्नेसम्भावितजोखीमन्यूनीकरणगरीकृषकहरुलाई व्यावसायीकखेतीतथापशुपालनतर्फआकर्षितगर्नसहयोगगर्ने।

(ख) कृषकहरुलाई व्यवसायिक खेतीको लागि प्रोत्साहन गर्ने।

(ग) व्यवसायिक कृषकहरुको जिवनस्तरमा सुधार ल्याउने।

**४.कार्यक्रमलागूहुनेपशुबस्तु र बालीको विवरण** :(१) पशुवस्तुहरुको विवरण देहाय अनुसार हुनेछ :

(क)गाई

(ख)भैंसी

(ग)वाख्रा

(घ)भेडा

(ङ)वंगुर

CS Scanned with CamScanner

(च) कुखुरा

(छ) हाँस

(ज) कालिज

(झ) बट्टाई

(ञ) टर्की

(ट) खरायो

(ठ) लौकाट

(२) बालीहरुको विवरण देहाय अनुसार हुनेछ :

(क) खाद्यान्न बाली : धान, मकै, गहु, कोदो, फापर, आदि

तरकारीबाली (ख)

दलहन बाली (ग)

(घ) फलफुलबाली

(ङ) तेलहन बाली

(च) माछा

(छ) मौरी

(ज) रेशम

(झ) च्याउ खेती

CS Scanned with CamScanner

५. बालि तथा पशु विमा प्रिमियम दावी सम्बन्धी मापदण्डः(१) बाली तथा पशु विमा दावी गर्न देहाय मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

(क) रुन्टीगढी गाउँपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय गरेको हुनुपर्नेछ।

(ख)तरकारीबालीको हकमा कम्तीमा ३ रोपनी वा सो भन्दा बढीमा खेती गरेको हुनुपर्नेछ।

(ग) बाखापालनको हकमा कम्तीमा ५ माउँ बाखा पालन गरेको हुनुपर्नेछ।

(घ) गाईको हकमा १ र भैंसीको हकमा कम्तीमा १ माउँ भैंसी पालन गरेको हुनुपर्नेछ।

(ङ) माछाको हकमा कम्तीमा १००० भुरा पालन गरेको।

(च) बंगुरको हकमा कम्ती २ माउँ बंगुर पालन गरेको हुनुपर्नेछ।

(छ) फलफुलको हकमा कम्तिमा २० वटा रुख लगाएको र विरुवाको हकमा ५० थान लगाएको हुनुपर्नेछ

(ज) पंक्षिको हकमा १०० वटा सम्म पालन गरेको हुनुपर्नेछ ।

(झ) रेशम किराको हकमा कोष व्यवस्थापन समितिको शिफारिसमा कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(ञ) मौरीको हकमा कम्तिमा १० घार भएको हुनुपर्नेछ ।

(ट) च्याउ खेतीको हकमा कम्तीमा एक टहरोमा खेती गरेको हुनुपर्नेछ ।

तर, टर्की र यस्तै ठुलो जातको पंक्षिको हकमा २० वटा सम्म भएको हुनुपर्ने छ ।

(ठ) कुनै विमा कम्पनिवाट विमा गराएको हुनुपर्नेछ ।

(ड) अन्यत्र कतैवाट प्रिमियम वापतको रकम प्राप्त नगरेको हुनुपर्नेछ ।

(ढ) समूह/सहकारी/फर्मको हकमा नियमानुसार दर्ता,कर चुक्ता तथा नविकरण गरेको हुनुपर्नेछ ।

Scanned with CamScanner

६.विमा प्रिमियम अनुदान प्रदान गर्ने व्यवस्था :(१)विमा प्रिमियमे अनुदान देहायका देहाय अनुसार प्रदान गरिनेछ ।

(क) विमा प्रिमियम अनुदन प्रदान गर्दा कृषकले वुझाउने, रकमको पहिलो पटक ५० प्रतिशत र नविकरण गर्ने प्रकृतिको विमा भए त्यस पछिको प्रथम पटक नविकरण गर्दा २५ प्रतिशतका दरले प्रिमियम अनुदान रकम प्रदान गरिनेछ ।

दिन भित्र १५प्रिमियम भुक्तानी गरेको विमा प्रिमियम अनुदान माग गर्दा विमा (ख) विमालेख,प्रिमियम बुझाएको रसिद,नेपाली नागरिकताको प्रतिलिपी संलग्न राखी अनुसूची १ बमोजिमको निवेदन गाउँपालिका कार्यालयमा दिनुपर्नेछ ।

(ग) प्रिमियम अनुदान माग गरेमा कागजात पुरा भएको र कुनै विवाद नभएमा १ महिना भित्र भुक्तानी दिनुपर्नेछ ।

(घ) माथी जुनसुकै कुरा लेखिएको भएतापनि आ.व.२०८०।८१ को लागि प्रथम पटक खण्ड (क) बमोजिमको विमा गर्दा कृषकले बुझाए बरावरको पुरै प्रिमियम अनुदान प्रास गर्नेछ ।

७बाली तथा पशु बीमा कोष संचालन व्यवस्थापन समितिको व्यवस्था .: (१) कृषि तथा बालीको प्रिमियम अनुदान सम्बन्धी कार्यलाई व्यवस्थित गर्नको लागि देहाय बमोजिमको समिति रहनेछ ।

(क) उपाध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत

(ग) आर्थिक विकास समितिको संयोजक

(घ) कृषि शाखा प्रमुख

(ङ) पशु शाखा प्रमुख

(२) समितिमा आवश्यकता अनुसार एक पटकमा दुई जना सम्म आमन्त्रितको रुपमा बोलाउन सकिनेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बाली तथा पशु विमा सम्बन्धी नीति योजना तथा कार्यक्रम तर्जुमा गर्ने

(ख) बाली तथा पशु विमा कार्यान्वयन सम्बन्धमा आइपरेका विवाद तथा समस्याहरुको समाधानगर्ने

(ग) बाली तथा पशु विमाबाट परेको प्रभावको मुल्याङ्कन गरी सुझावहरु कार्यापालिकामा सिफारिस गर्ने

(घ) बाली तथा कृषि विमाकोषको लागि आवश्यक पर्ने वार्षिक बजेटको अनुमान गरी कृषिशाखा मार्फत प्रस्ताव पेश गर्न लगाउने ।

(च) तत् सम्बन्धी आवश्यक अन्य कामहरु गर्ने

८. बाली तथा पशु विमा कोषको स्थापनाः (१) बाली तथा पशु विमा कार्यक्रम कार्यान्वयन गर्नको लागि एउटा छुट्टै कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ :

(क) गाउँपालिकाबाट प्राप्त हुने अनुदान रकम

(ख) संघ तथा प्रदेस सरकारबाट प्राप्त हुने अनुदान रकम

(ग) विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुबाट बाली तथा पशु विमाको लागि प्राप्त हुने रकमहरु

(घ) अन्य निकायहरुबाट प्राप्त हुने रकमहरु

९. कोषको संचालन सम्वन्धि व्यवस्था (१) कोषको संचालन देहाय बमोजिम गरिनेछ ।

(क) कोषमा प्राप्त हुने रकम क वर्गको बैंकमा समितिको नाममा खाता खोली जम्मा गरीनेछ ।

(ख) कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(ग) कोषको रकम विमा प्रिमियम अनुदानको लागि मात्र खर्च गरिनेछ ।

(घ) कोषको लेखा परीक्षण सम्बन्धी कार्य कार्यालयको अन्य आर्थिक कारोवारको जसरी गरिनेछ ।

९.यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै दुविधा भएमा कार्यपालिकाले बाधा अडकाउ फुकाउने कार्य गरी सहजीकरण गर्नेछ ।

अनुसुची-१

(दफा ५ को (१) को खण्ड (ग) संग सम्बन्धित)

कार्यालमा पेश गर्ने प्रस्तावको नमूना

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

रुन्टीगढी गाउँपालिकाको कार्यालय

होलेरी, रोल्पा

विषय: बाली तथा पशुविमा प्रिमियम अनुदान उपलब्ध गराइपाउँ

प्रस्तुत विषयमा मैले/हामिले .................................. खेति/ पालन गरेवापत.......................... कम्पनिमा रु.......................... को .......................... महिने/वर्षे प्रथम पटक/ प्रथम पटक नविकरणविमा गरेको छु ।सो विमा गरेवापत मैले/हामीले जम्मा रु.प्रिमियम बुझाएको छु/छौं । अत: गाउँपालिकाको बाली तथा पशु विमा प्रिमिय अनुदान कार्यविधि,२०८० को प्रावधान बमोजिम विमा प्रिमियम अनुदान उपलब्ध गराइपाउन तलका कागजात सहित यो निवेदन दिएको छु/ दिएका छौं । व्यहोरा साँचो हो,झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

संलग्न कागजातहरु

१. विमा लेखको प्रतिलिपि

२. प्रिमियम बुझाएको रसिदको प्रतिलिपी

Scanned with CamScanner

३. नागरिकताको प्रतिलिपी

४. विमा गरीएको बाली वा पशु रङगिन बस्तुको फोटो

निवेदक

दस्तखत :

कृषसमूह सहकारीकोकनाम,थर :

कृषक फर्म/समूह/ सहकारीको नाम,थर :

ठेगाना:

सम्पर्क नं .:

मिति

CS Scanned with CamScanner